# मुस्लिम समुदायको १४ पृष्ठे अवधारणापत्र गृहमन्त्रीसमक्ष पेस

**इसत्याक अहमद/मध्यान्ह**
काठमाडौं, ७ असोज

सुनसरीमा साउन १० गते भएको घटनापछि उत्पन्न साम्प्रदायिक तनाव, शान्ति-सुरक्षाको अवस्था तथा आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन अपनाउनुपर्ने उपायबारे मुस्लिम समुदायले सरकारसमक्ष १४ पृष्ठको विस्तृत अवधारणापत्र प्रस्तुत गरेको छ ।

गृह मन्त्रालयमा बुधबार गृहमन्त्री सुदन गुरुङसँग भएको भेटमा मुस्लिम समुदायका अग्रणी प्रतिनिधिहरूको प्रतिनिधिमण्डलले अवधारणापत्र बुझाएको हो । अवधारणापत्रमा सुनसरीमा पछिल्लो समय देखिएको तनावको पृष्ठभूमिसँगै विगतका वर्षहरूमा भएका विभिन्न घटनाक्रमको अध्ययन, वर्तमान अवस्थाको विश्लेषण तथा तत्कालीन, मध्यकालीन र दीर्घकालीन समाधानका उपायहरू समेटिएको प्रतिनिधिमण्डलले जनाएको छ ।

अवधारणापत्र प्रस्तुत गर्दै पूर्वमन्त्री तथा संविधानसभा सदस्य मोहम्मद जाकिर हुसैनले वर्षौंदेखि भएका घटनाक्रमहरूको अध्ययन र विश्लेषणका आधारमा प्रतिवेदन तयार गरिएको बताए । उनले विगतमा यस्ता घटना पटक-पटक भए पनि दोषीमाथि कारबाही हुन नसक्दा दण्डहीनताको अवस्था सिर्जना भएको र त्यसले भविष्यमा पनि यस्ता घटना दोहोरिने जोखिम बढाएको उक्त अवधारणापत्रमा उल्लेख गरिएको बताए ।

हुसैनका अनुसार अवधारणापत्रमा तत्कालीन सुरक्षा व्यवस्थादेखि दीर्घकालीन रूपमा सामाजिक सद्भाव कायम गर्ने



उपायसम्मका सुझाव प्रस्तुत गरिएका छन् ।

विशेष गरी सरकार, सुरक्षा निकाय र नागरिक समाजको सहभागितामा स्थायी संवाद तथा समन्वय संयन्त्र गठन गर्नुपर्ने सुझाव दिइएको उनले बताए । उनले यस्तो संयन्त्र स्थानीय, जिल्ला, प्रदेश र संघीय तहमा गठन गरी सम्भावित तनावको पहिचान, सूचना आदान-प्रदान, संवाद, समन्वय र समस्या समाधानका लागि निरन्तर सक्रिय रहनुपर्ने बताए । गृहमन्त्रीसँगको भेटपछि सञ्चारकर्मीसँग कुरा गर्दै हुसैनले अवधारणापत्रमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गरी विभिन्न तहका सुझाव समेटिएको बताए ।

उनले नेपाली समाजमा लामो समयदेखि कायम रहेको सामाजिक सद्भावमा पछिल्लो पुस्तामा पुस्तान्तरण नहुँदा चुनौती देखिन थालेको बताउँदै विशेष गरी मधेस क्षेत्रमा यसको असर देखिन थालेको उल्लेख गरे । 'हाम्रा पुराना पुस्ता र अघिल्ला पुस्ताहरूबीच अहिले देखिएजस्तो कटुता र एक-अर्कामाथि दोषारोपणको अवस्था थिएन,' हुसैनले भने, 'तर अहिलेको पुस्तामा देखिन थालेको यस्तो कटुता समुदाय, स्थानीय बासिन्दा र राज्य सबैका लागि गम्भीर चिन्ताको विषय हो ।'

उनले सामाजिक सद्भावलाई केवल सुरक्षाकर्मी परिचालन गरेर मात्र कायम गर्न नसकिने भन्दै राज्यका सुरक्षा तथा प्रशासनिक निकाय, स्थानीय समुदाय, नागरिक समाज र सामाजिक नेतृत्वबीच निरन्तर संवाद र समन्वय आवश्यक रहेको कुरा अवधारणापत्रमा समेटिएको बताए ।

अवधारणापत्र बुझ्दै गृहमन्त्री सुदन गुरुङले घटनामा संलग्न कुनै पनि अपराधीलाई उन्मुक्ति नदिइने प्रतिबद्धता व्यक्त गरेका प्रतिनिधिमण्डलका सदस्य तथा राष्ट्रिय सभाका सदस्य मोहम्मद खालिद सिद्दिकीले बताए ।

सिद्दिकीका अनुसार गृहमन्त्री गुरुङले नेपालको राष्ट्रिय निर्माणमा मुस्लिम समुदायको महत्त्वपूर्ण योगदान रहेको उल्लेख गर्दै नेपाल एकीकरणको समयदेखि नै मुस्लिम समुदायले राष्ट्र निर्माणमा योगदान दिँदै आएको बताएका थिए ।

मुस्लिम समुदायमाथि कुनै पनि किसिमको खिचातानी, विभेद वा शोषण हुन नहुने बताउँदै उनले राज्य सबै समुदायको सुरक्षा र अधिकारप्रति जिम्मेवार रहेको धारणा राखेका थिए ।

गृहमन्त्रीले सुनसरी घटनासँग सम्बन्धित प्राप्त प्रतिवेदन, समस्या तथा गुनासाहरूको अध्ययन गरी समाधानका लागि आवश्यक पहल गर्न सम्बन्धित तल्लो तहका प्रशासनिक निकायलाई निर्देशन दिइसकेको जानकारीसमेत दिएका थिए ।

**गृहमन्त्रीकै आग्रहपछि पाँच सदस्यीय समिति गठन**

सुनसरी घटनापछि गृहमन्त्री गुरुङले यसअघि श्रावण १९ गते मुस्लिम तथा हिन्दू समुदायका प्रतिनिधिहरूलाई छुट्टाछुट्टै बोलाएर घटनासम्बन्धी छलफल गरेका थिए । उक्त छलफलका क्रममा गृहमन्त्रीले मुस्लिम समुदायका प्रतिनिधिहरूलाई आफूहरूले समस्यालाई कसरी बुझेका छन्, घटनाको मूल कारण के हो र यसको समाधानका सम्भावित उपाय के हुन सक्छन् भन्ने विषय समेटेर ठोस अवधारणापत्र प्रस्तुत गर्न आग्रह गरेका थिए ।

गृहमन्त्रीको आग्रहपछि मुस्लिम समुदायले मानवअधिकारकर्मी अधिवक्ता मोहना अन्सारी, मोहम्मद जाकिर हुसैन, सीमा खान, अधि. माजिद परवेजसमेत रहेको पाँच सदस्यीय समिति गठन गरेको थियो। सो समितिले विगतका घटनाक्रम, वर्तमान परिस्थितिको अध्ययन तथा विभिन्न सरोकारवालासँगको छलफलका आधारमा १४ पृष्ठको अवधारणापत्र तयार गरेको थियो । मुस्लिम समुदायले प्रस्तुत गरेको अवधारणापत्रले कुनै एउटा घटनाको तत्कालीन व्यवस्थापनमा मात्र सीमित नभई यस्ता घटना दोहोरिन नदिन दीर्घकालीन संस्थागत संयन्त्र निर्माणमा जोड दिएको छ।

# एनआरएनए कतारले बाढीपीडित लक्ष्मीलाई गरायो हवाई टिकट उपलब्ध

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ७ असोज

भोटेकोशी-त्रिशूली नदीमा आएको विनाशकारी बाढीबाट घर, सम्पत्ति र वर्षौंको मिहिनेत गुमाएकी धादिङकी लक्ष्मी भण्डारी खतिवडालाई गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् (एनआरनए एनसिसी) कतारले नेपाल फर्कन हवाई टिकट उपलब्ध गराएको छ । संघले उपलब्ध गराएको टिकटबाट खतिवडा बुधबार बिहान कतार एयरवेजको उडानमार्फत नेपाल पुगेकी छन् ।


गल्छी गाउँपालिका-६ धादिङकी खतिवडा बाढीका समयमा कतारमै रहेकी थिइन् । बाढीले घर, सम्पत्ति र वर्षौंको मिहिनेत बगाएर जीवनलाई शून्यबाट सुरु गर्नुपर्ने अवस्थामा पुऱ्याएको कठिन समयमा नेपाल फर्कन हवाई टिकट उपलब्ध गराएर सहयोग गरेकोमा उनले एनआरएनए एनसिसी कतारप्रति हृदयदेखि आभार व्यक्त गरेकी छन् ।

'प्रवासमा रहेका हामी नेपालीको दुःखलाई आफ्नै दुःख सम्झेर साथ, सहयोग र हौसला प्रदान गर्दै कतारदेखि नेपालसम्मको हवाई टिकट उपलब्ध गराउनुभएकोमा एनसिसी कतारप्रति हार्दिक आभार व्यक्त गर्दछु,' खतिवडाले भनेकी छन् । 'दुःखको समयमा प्राप्त सहयोग रकमभन्दा ठुलो कुरा त्यसले दिएको अपनत्व, भरोसा र हिम्मत हो ।

# केयूका संस्थापक उपकुलपति प्रा.डा.शर्माको निधन

**काठमाडौं/मस-** काठमाडौं विश्वविद्यालयका पूर्वउपकुलपति प्रा.डा.सुरेशराज शर्माको निधन भएको छ । उनको काठमाडौंको धुम्बाराहीस्थित ह्याम्स अस्पतालमा उपचारका क्रममा बुधबार साँझ निधन भएको हो । शर्माको ८६ वर्षको उमेरमा बुधबार साँझ ६:५० बजे निधन भएको परिवारले जनाएको छ ।

शर्माको बिहीबार दाहसंस्कार गरिनेछ । दाहसंस्कारअघि श्रद्धाञ्जलीका लागि उनको पार्थिव शरीर काठमाडौंको बालकुमारीस्थित स्कुल अफ म्यानेजमेन्टमा राखिनेछ। शर्मा काठमाडौं विश्वविद्यालयका संस्थापक उपकुलपति थिए । उनी विश्वविद्यालयमा ६ कार्यकालसम्म



उपकुलपतिको जिम्मेवारीमा रहेका थिए । उनकै नेतृत्वमा काठमाडौं विश्वविद्यालयको स्थापना तथा संस्थागत विकास भएको थियो ।

बेलायतबाट रसायनशास्त्रमा विद्यावारिधि गरेका शर्मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी)का संस्थापक निर्देशकसमेत थिए । उनले नेपालमा प्राविधिक शिक्षाको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । शर्माले कर्णालीको जुम्ला, दोलखाको जिरी तथा धनकुटालगायतका क्षेत्रमा पुगेर प्राविधिक शिक्षाको सुरुवात गरेका थिए । विद्यालय शिक्षादेखि उच्च शिक्षासम्मको क्षेत्रमा उनले योगदान दिएका थिए ।

शर्माले बूढानीलकण्ठ स्कुलको अध्यक्षका रूपमा समेत काम गरेका थिए । शिक्षा क्षेत्रको संस्थागत विकास तथा प्राविधिक शिक्षाको विस्तारमा उनको लामो समय योगदान रहेको थियो ।


"आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
ईन्दै विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती सुन्दैन त्यो"

## भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति १९९९/०९/०१

**स्व. चन्द्रबहादुर पराजुली**

स्वर्गारोहण २०८३/०५/२७

हाम्रा शुभेच्छुक तथा प्रुडेन्सियल ओभरसिज प्रा.लि. एवं प्रुडेन्सियल होटलका सञ्चालक नारायण पराजुलीका पुजनीय पिता

**चन्द्रबहादुर पराजुलीको**

२०८३ भदौ २७ गते ८४ वर्षको उमेरमा असामयिक निधन भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकाकुल परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामनासहित हार्दिक समवेदना प्रकट गर्दछौं ।

**सीतादेवी श्रेष्ठ**
प्रकाशक

**मदनकुमार श्रेष्ठ**
प्रधान सम्पादक

तथा

**मध्यान्ह परिवार**
Madhyanha National Daily
www.madhyanhadaily.com | Madhyanha TV | Madhyanha Daily


## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय म्याङलुङ, तेह्रथुमका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०६/०८ गते बिहीबारको मध्यान्ह राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएकाले कर्जा असुलीका लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय म्याङलुङमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०७/१९ गते बिहिबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय म्याङलुङमा** दिनको ठीक ३:०० (एक) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापामा औद्योगिक व्यावसाय ऐन, २०७३ बमोजिम दर्ता भई उद्योग दर्ता नं. ३९९/२२०/१८५२२ कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भद्रपुरबाट मिति २०७६/०४/०९ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१०९६१४१४ को प्रमाणपत्र प्राप्त **एभरेष्ट फ्रोजन फुडस एण्ड मिट प्रोसेस ।**
**रजिष्ट्रर्ड ठेगाना :** झापा जिल्ला मेचिनगर न.पा. वडा नं. ६, काकरभिट्टा ।

**प्रोप्राईटर तथा जमानतकर्ता : दिपक कुमार कार्की** (ना.प्र.नं २४६३१/२१, जारी मिति २०५१/१२/२४, जि.प्र.का. तेह्रथुम) ।
स्थाई ठेगाना : तेह्रथुम जिल्ला मेन्छेयाम गा.पा. वडा नं. २ (साविक पौठाक गा.वि.स. वडा नं ९) ।
हालको ठेगाना : झापा जिल्ला मेचिनगर न.पा. वडा नं. ६,
बाबु : खड्ग बहादुर कार्की ।
बाजे : जित बहादुर कार्की ।

**जमानतकर्ता : सुरज कार्की** (ना.प्र.नं. ०८१०२६/१६४८, मिति २०६५/०३/२७, जि.प्र.का. तेह्रथुम) ।
ठेगाना : तेह्रथुम जिल्ला मेन्छेयाम गा.पा. वडा नं. २ (साविक पौठाक गा.वि.स. वडा नं ९) ।
हालको ठेगाना : झापा जिल्ला मेचिनगर न.पा. वडा नं. ६,
बाबु : खड्ग बहादुर कार्की ।
बाजे : जित बहादुर कार्की ।

**जमानतकर्ताः सुष्मा सुब्बा** (ना.प्र.नं. ०४-०१-८१-१०७८४, जारी मिति २०८१/०९/१६, जि.प्र.का झापा) ।
ठेगाना : तेह्रथुम जिल्ला मेन्छेयाम गा.पा वडा नं. २ ।
(नागरिकता : झापा जिल्ला मेचीनगर न.पा वडा नं. ६) ।
बाबु : राम प्रसाद सुब्बा ।
ससुरा : खडग बहादुर कार्की ।
पति : दिपक कुमार कार्की ।

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**
१. **दिपक कुमार कार्की र सुरज कार्की**को संयुक्त नाममा मालपोत कार्यालय म्याङलुङमा दर्ता श्रेष्ता कायम रहेको तेह्रथुम जिल्ला श्रीजुङ्ग गा.वि.स. वडा नं. ९, नक्सा सिट नं.९, स्थित कित्ता नं. ६०५ र ६०६ क्षेत्रफल १-४-३-० र १८-२-१.२५-० (रोपनी)को घर/जग्गा र उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत...............१
२. ऋणी **एभरेष्ट फ्रोजन फुडस एण्ड मिट प्रोसेस**को स्टक तथा चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण .........१

**पुनश्च :**
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय म्याङलुङबाट** प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकार कर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय म्याङलुङमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००


## मलेसियामा पुरुष कामदारहरूको लागि वैदेशिक रोजगारको अवसर

कम्पनी : DYNAMIC GUARDFORCE SDN BHD | शहर : MALAYSIA
पूर्व स्वीकृत मितिः २०८३/०६/०७ | चलानी नं.: ६०२६१५७६ | L.T. No.:348463

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | SECURITY GUARD | 100 | 0 | स. काममा दक्ष | 1700 | ६३६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १५ गते (1 October 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Rasuwa Overseas Pvt.Ltd.**
श्रम इजाजत नं. ११३०/०७३/०७४
एयरपोर्ट, कालिमाटीडोल, काठमाडौं, नेपाल । Tel No: 01-5906448/5906439.
E-mail : info@rasuwaoverseas.com, rasuwaoversease@gmail.com Web.: www.rasuwaoverseas.com
Suresh Lama : 9840557986, Dinesh Lama : 9851354485,
Dawa Lama : 9851125465, Raju Lama : 9801300071, Sunil Timilsina : 9801300072


# Brahmapuri Rural Municipality
# Office of the Municipal Executive

**Brahmapuri, Sarlahi**
**Madhesh pradesh**

## Invitation for Bids

**First Date of publication: 20083/06/08 (24Sep 2026)**

1. **Brahmapuri Rural Municipality, Sarlahi** invites sealed bids from Nepalese eligible bidders for the construction of Given Works under National Competitive Bidding procedures..
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Brahmapuri Rural Municipality, Sarlahi.**
3. A complete set of Bidding Documents may be purchased from the office of **Brahmapuri Rural Municipality, Sarlahi.** and the office **Brahmapuri Rural Municipality, Sarlahi.** by eligible Bidders on the submission of a written application, along with the hard copy of company/firm registration certificate, Tax Clearance of 2082/83 and upon payment of a non-refundable fee of Rupees of ***3000*** till date of Purchasing 2083/06/26 ***(14th Oct 2026)*** during office hours in the account as specified below.
   Name of the Bank: Nabil Bank Ltd. Account no.: 21701017500027
   Name of Office: BRAHMPURI RURAL-MUNICIPALITY RAJASAW KHATA

| Contact Id No: | Descriptionsof works | Estimated Amounts (Including Vat And PS) | Bid Security Fee | Bid Documents Purchase Date | Bid Submissions / Opening date | Bid Validity/ Security Periods |
|---|---|---|---|---|---|---|
| NCB/ BRM/01/2083-84 | ***Krishi Ko Lagi Motor Kharid*** | NRs. 82,76,798.00 | NRs. 2,48,000 | 2083/06/28 B.S During Office Hours | 2083/06/29 12:00 PM/14:00PM | (90/120)days |
| NCB/ BRM/02/2083-84 | Ward no:1, 2 Bhitra Subhidha Sahit ko Bipanna Basti Nirman | NRs. 1,79,01,466.29 | NRs. 5,20,000 | 2083/06/28 B.S During Office Hours | 2083/06/29 12:00PM/14:00PM | (90/120)days |
| NCB/ BRM/03/2083-84 | ***Ga.Pa Bhitra Subhidha Sahit ko Bipanna Basti Nirman*** | NRs. 1,04,96,767.94 | NRs. 2,80,000 | 2083/06/28 B.S During Office Hours | 2083/06/29 12:00 PM/14:00PM | (90/120)days |

The Bid Security
Name of the Bank: Nabil Bank Ltd.
Name of Office: BRAHMPURI RURALMUNICIPALITY DHARAUTIKHATA
Account no.: 21701017500017 Office Code no. 80219507300

4. Pre-bid meeting shall be held at **Brahmapuri Rural Municipality, Sarlahi** on ***2083/06/18 at 14:00 pm***
5. Sealed or Electronic bids must be submitted to the office **Brahmapuri Rural Municipality, Sarlahi** by hand/courier or through on or before ***12:00 pm*** on ***2083/06/29.*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 pm*** on ***2083/06/29 and*** at the office of **Brahmapuri Rural Municipality, Sarlahi** Bids must be valid for a period of ***90 days*** from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in amounting to Table which shall be valid for 120 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**